प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## प्रदेश नं १, विराटनगर

*सेवा करारमा जनशक्ति भर्ना सम्बन्धी सूचना*

प्रकाशित मितिः २०७८/०६/०८

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट संक्रमित भएका बिरामीहरुको **उपचारका लागि प्रदेश सरकारले** सञ्चालन गरेको कोशी अस्पताल, कोभिड-१९ उपचार केन्द्र, प्रदेश नं १, विराटनगरमा **देहायबमोजिमका पद र तहका** स्वास्थ्यकर्मीहरुको आवश्यकता परेको हुँदा अन्तर्वार्ताको माध्यमद्वारा तल उल्लेखित आधारहरु **समेतका आधारमा सेवा करारमा** नियुक्ति गरिने भएकोले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले माग भएबमोजिमका **विवरणहरु सहित यो सूचना** प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०७८/०६/१४ गते कार्यालय समय भित्र) यहाँ **उपलब्ध गराइएको इमेल ठेगानामा** दरखास्त पेश गर्न सम्बन्धित सबैमा आह्वान गरिएको छ ।

| सि.नं. | पद | तह/श्रेणी | माग पद संख्या | शैक्षिक योग्यता | सेवा सुविधा |
|---|---|---|---|---|---|
| २. | स्टाफ नर्स | पाँचौं | २५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उतीर्ण गरेको | **प्रदेश सरकारले सम्बन्धित पदको लागि तोकेको तलब स्केल तथा प्रदेश सरकारद्वारा निर्धारित ५०% जोखिम भत्ता लगायतका अन्य सुविधा** |

**दरखास्त दिने प्रक्रियाः** यस मन्त्रालयको इमेल Vacancy.mosdp1@gmail.com मा मन्त्रालयले **उपलब्ध गराएको वेबसाइटबाट** दरखास्त फाराम डाउनलोड गरी विवरण भरि सो फाराम सहित न्यूनतम शैक्षिक **योग्यताको प्रमाणपत्रहरु, लब्धाङ्कपत्र, चारित्रिक** प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित काउन्सिलबाट प्राप्त प्रमाणपत्र एवम् **विदेशमा अध्ययन गरेकाहरुको हकमा** समकक्षताको प्रमाणपत्र समेत अपलोड गर्नु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले ७(सात) दिन (मिति २०७८/०६/१४ **गते कार्यालय समय) भित्र ।**

**मूल्याङ्कनका आधारहरुः**

१। नर्सिङ्ग विषयमा स्नातक गरेको, I.C.U तालिम लिएको, I.C.U को कार्यअनुभवबाट प्राप्त अंक,

२। अन्तरवार्ताबाट प्राप्त अंक ।

द्रष्टब्यः

१। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ को उपदफा (ङ), (च) र (छ) **बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।**

२। माथि मूल्याङ्कनका आधारहरुको १. मा उल्लिखित अनुसार सबैभन्दा बढी अंक प्राप्त गर्ने **उम्मेद्वारहरुको Short listing गरी** निश्चित संख्यामा मात्र उम्मेद्वारहरुलाई अन्तरवार्तामा समावेश गराइनेछ । साथै उक्त **Short listing को नतिजा र** अन्तरवार्ताको मिति २०७८/०६/१७ गते मन्त्रालयको वेबसाइट mosd.p1.gov.np **तथा स्वास्थ्य निर्देशनालय, धनकुटाको** वेबसाइट hd.p1.gov.np मा प्रकाशन गरिनेछ ।

३। कोभिड-१९ को महामारीका कारण कार्यालयमा दरखास्त बुझाउन आउने उम्मेद्वारको **दरखास्त फाराम लिइने छैन । थप** जानकारीका लागि सामाजिक विकास मन्त्रालय, विराटनगरको वेबसाइट mosd.p1.gov.np **मा राखिएको विस्तृत सूचना हेर्न** तथा मन्त्रालयको फोन नं ०२१४४२४२८ मा सम्पर्क गर्न सकिनेछ ।

४। दरखास्त फाराम मन्त्रालयको वेबसाइट mosd.p1.gov.np तथा स्वास्थ्य निर्देशनालय, धनकुटाको वेबसाइट hd.p1.gov.np मा उपलब्ध छ ।

५। दरखास्त बापत दस्तुर लाग्ने छैन ।

६। म्याद नाघि आएका दरखास्त फाराम उपर कुनै कारवाही गरिनेछैन ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
नेपाल

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेद्वारले दस्तखत गर्ने ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं.१, विराटनगर, नेपाल

## दरखास्त फारामको ढाँचा

(क) उम्मेद्वारले दरखास्त फारामका लागि भरेका पद सम्बन्धी विवरण:

| | | |
|---|---|---|
| विज्ञापन नं. : | पद: | तह: |
| सेवा: | समूह: | |

(ख) उम्मेद्वारको वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| उम्मेद्वारको | नाम थर | (देवनागरीमा) | | |
| | | अंग्रेजी ठुलो अक्षरमा | | लिङ्ग: |
| | जन्म मितिः वि.सं | | इस्वी संवतः | हालको उमेरः वर्ष महिना |
| | नागरीकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | जिल्ला: | | गा.वि.स./न.पा: | वडा नः |
| | टोलः | | घर नं./मार्गः | फोनः |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल: | |
| बाबुको नाम, थर : | | | आमाको नाम, थरः | |
| बाजेको नाम, थर : | | | | |

(ग) शैक्षिक योग्यता (आवश्यक न्यूनतम योग्यता मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/तालिम दिने संस्था | शैक्षिक उपाधी/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्त फाराममा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम

सहनेछु बुझाउनेछु। उम्मेद्वारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फाराममा उल्लिखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु। साथै, करार सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु।

| उम्मेद्वारको ल्याप्चे सहीछाप | | उम्मेद्वारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

द्रष्टव्यः (क) दरखास्त साथ आवेदन दिएको पदसँग सम्बन्धित निम्नलिखित कागजातहरु अनिवार्य रुपमा स्क्यान गरी पेश गर्नु पर्नेछः-

(१) नेपाली नागरिकताको प्रमाणपत्र, (२) न्यूनतम शैक्षिक योग्यताको ट्रान्स्क्रिप्ट र चारित्रिक प्रमाणपत्र, (३) सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र, (४) विदेशमा अध्ययन गरेकाको हकमा समकक्षताको प्रमाणपत्र, (५) आवेदन दिएको पदसँग सम्बन्धित तालिम र अनुभवको प्रमाणपत्र।

(ख) उम्मेद्वारले अन्तर्वार्ता दिन आउँदा यस दरखास्त फारामको सक्कलसाथ प्रकरण १ मा उल्लिखित सम्पूर्ण कागजात तथा प्रमाणपत्रको सक्कल र सो को दुई/दुई प्रति फोटोकपी, माथिल्लो शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रहरू (भएमा) साथै पासपोर्ट साइजको फोटो दुई प्रति समेत साथमा लिइ आउनु पर्नेछ।